# कालिञ्चोक दर्शन लिमिटेड

## केन्द्रिय कार्यालय गौशाला , पिङ्गलास्थान काठमाण्डौको

## ११ औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माईन्यूट)

१. **वैधानिक सभा :**

कालिञ्चोक दर्शन लिमिटेडको ११ औं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री बालकृष्ण सिवाकोटीको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान तथा समयमा सम्पन्न भयो।

२. **सभाको मिति, स्थान तथा समय :**

मिति : २०८२ पौष १५ गते मंगलवार ।( डिसेम्बर ३०, २०२५) ।

समय : ११ :३० बजे ।

स्थान : बद्रीनाथ होटल (बद्रीनाथ हल ,आठौं तला) पिङ्गलास्थान, काठमाडौं ।

३. **उपस्थिति :**

क) **सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १. श्री बालकृष्ण सिवाकोटी | : | अध्यक्ष |
| २. श्री गिता शर्मा | : | सञ्चालक |
| ३. श्री साबित्री पाण्डे | : | सञ्चालक |
| ४. श्री सुरेश गुरागाई | : | स्वतन्त्र सञ्चालक |
| ५. श्री मार्कण्डेय अधिकारी | : | पूर्व अध्यक्ष |

ख) **कम्पनी सचिव :**

| | | |
|---|---|---|
| १. श्री तिलकराज सिवाकोटी | : | कम्पनी सचिव |

ग) **पर्यवेक्षक :**

| | | |
|---|---|---|
| १. | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |

घ) **शेयरधनी उपस्थिति :** शेयरधनीहरुको उपस्थिति विवरण अनूसुचिमा उल्लेख गरिएको छ ।

.................. (कम्पनी सचिव)

.................. **अशोक सिवाकोटी** **प्रबन्ध सञ्चालक**

कालिञ्चोक दर्शन लिमिटेड गौशाला, पिङ्गलास्थान

.................. **बालकृष्ण सिवाकोटी** **(अध्यक्ष)**

ङ) **कम्पनीका कर्मचारीहरु :**

१. श्री देक्षेन लामा

२. श्री महेश खरेल

३. श्री भुवन धमला

च) **आमन्त्रितहरु :**

१. श्री हिरा थोकर :

स्थानिय जनप्रतिनिधि , दोलखा ।

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात/नाफा/नोक्सान हिसाब विवरण सहितको लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

३. कम्पनि ऐन २०६३ को दफा १११ बमोजिम कम्पनिको आ.व. २०८२/०८३ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक नियुक्ति अनुमोदन सम्बन्धमा ।

५. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**ख) विशेष प्रस्ताव :**

१. आ.व. २०८१/०८२ को नाफा बाट ५ प्रतिशत बोनस शेयर र ०.२६३ प्रतिसत नगद लाभांश (कर प्रयोजनका लागी) वितरण गर्ने सम्बन्धमा ।

२. पुँजी वृद्धि तथा आ.व. २०८१/०८२ को बोनस शेयर वितरण पछि कायम हुने शेयरको हकप्रद्ध शेयर (एक वरावर एक शेयर ) जारी गर्ने सम्बन्धमा ।

३. प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिलाई आवश्यक अख्तियारी दिने सम्बन्धमा ।

| | | |
|---|---|---|
| .................. | ................ | .................... |
| **(कम्पनी सचिव)** | **अशोक सिवाकोटी**<br>**प्रबन्ध सञ्चालक** | **बालकृष्ण सिवाकोटी**<br>**(अध्यक्ष)** |

५. सञ्चालक समितिले गरेका निर्णयहरुको अनुमोदन सम्बन्धमा ।

६. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

## ५. गणपुरक संख्या :

| कुल शेयरधनी संख्या | कुल शेयर संख्या | शेयरधनीको उपस्थिति | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| | | संख्या | शेयर | |
| ५६,९१४ | ६०,००,००० | २०७ | ३६,०४,४३७ | ६०.०७४ |

## ६. स्वागत एवं आसन ग्रहण :

सभाको शुरूमा कम्पनी सचिवले सभामा उपस्थित सञ्चालक, पर्यवेक्षक, आमन्त्रित तथा शेयरधनी प्रतिनिधिलाई हार्दिक स्वागत गर्नुभयो । तत्पश्चात् कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं कम्पनीको नियमावलीको नियम २० को उपनियम १ अनुरुप संचालक समितिका अध्यक्ष श्री बालकृष्ण सिवाकोटी ज्यूलाई साधारण सभाको अध्यक्षता गरिदिन आमन्त्रण गर्नुभयो र सभाध्यक्षको आसन ग्रहण पश्चात सभाध्यक्षको अनुमतिमा कम्पनी सचिवले संचालकहरु, पर्यवेक्षक, आमन्त्रित महानुभावहरु तथा कम्पनीका कर्मचारीहरुलाई साधारण सभामा हार्दिक स्वागत गर्दै आसन ग्रहण गर्न आग्रह गर्नुभयो ।

## ७. सभाको वैधानिकता :

११ औं वार्षिक साधारणसभा शुरु हुनु पूर्व सभाको वैधानिकताको विषयमा छलफल भयो । साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै २०८२/०८/२८ गतेको चितवन पोष्ट राष्ट्रिय दैनिक र २०८२/०९/०७ गते को चितवन पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरिनुका साथै कम्पनीको आधिकारीक वेभसाईट मार्फत सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो । साथै, उक्त सूचना तथा साधारण सभामा छलफल गरिने विषयहरू सहितको सूचना शेयरधनीको ठेगानामा पठाइएको र सोही बमोजिम सभामा छलफल गरिने सम्पूर्ण विषयहरूका बारेमा शेयरधनीहरुलाई जानकारी गराइएको व्यहोरा कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो । सभामा कम्पनीका कुल ५६,९१४ शेयरधनीमध्ये २०७ जना शेयरधनी स्वयम तथा प्रतिनिधि मार्फत उपस्थित हुनुभएकोले कुल चुक्ता

(कम्पनी सचिव) | अशोक सिवाकोटी, प्रबन्ध सञ्चालक | बालकृष्ण सिवाकोटी (अध्यक्ष)

पुँजीको ६०.०७४ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित शेयरधनी सभामा भाग लिन तथा मतदान गर्न आउनु भएको र ११ औं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको प्रावधान बमोजिम शेयरधनीलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २४(१) अनुरूपको गणपूरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवले सभाध्यक्ष समक्ष प्रस्तुत गर्नुभयो । साथै, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा १६४ को उपदफा ८ बमोजिम लेखापरीक्षण समितिका अध्यक्ष लगायत कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम यस कम्पनीका सम्पूर्ण संचालकहरु साधारण सभामा उपस्थित रहनुभएको जानकारी सभा समक्ष प्रस्तुत गर्नुभयो । सभाले कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम साधारण सभा बोलाईएको हो भन्ने यकिन गरी त्यस सम्बन्धमा अन्य प्रचलित ऐन, कानुनको पालना गरेको तथा रीतपुर्वक साधारण सभाको सूचना दिइएकाले सभाको लागि आवश्यक गणपुरक संख्या समेत पुगेको सभाले सभा गर्न मञ्जुर गरेकाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम साधारण सभा रीतपुर्वक बोलाइएको पाइएको हुँदा सभाध्यक्ष श्री बालकृष्ण सिवाकोटीज्यूले सभाको काम कारवाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहाय बमोजिम रहेको छ ।

८. <u>सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति</u> :

क) ११औं वार्षिक साधारण सभाका सभाध्यक्ष श्री बालकृष्ण सिवाकोटीले उपस्थित शेयरधनी प्रतिनिधि, पर्यवेक्षक, आमन्त्रित लगायतका महानुभावहरूलाई स्वागत गर्दै आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरणहरु (आषाढ मसान्त २०८२ को वासलात, आ.व. २०८१/८२ को नाफानोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफलका लागि प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सभाध्यक्षले प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक आर्थिक विवरण उपरको छलफलमा भाग लिन तथा कम्पनीको कार्यसम्पादन एवं व्यवसायिक गतिविधिका सम्बन्धमा आफ्नो राय, जिज्ञासा तथा सुझाव व्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

| | | |
|---|---|---|
| ................ | ................ | ................ |
| **(कम्पनी सचिव)** | **अशोक सिवाकोटी**<br>**प्रबन्ध सञ्चालक** | **बालकृष्ण सिवाकोटी**<br>**(अध्यक्ष)** |

## ९. छलफलमा सहभागी शेयरधनी प्रतिनिधि :

कम्पनीको कामकारबाही, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक आर्थिक विवरण सम्बन्धी छलफलमा शेयरधनीहरु :

१. जगन्नय आचार्य
२. भेषराज भण्डारी
३. सुदीप श्रेष्ठ
४. ब्रहम्देव शाख्य
५. शत्रुधन श्रेष्ठ
६. नरसिंह लाल चखुँ
७. गोविन्द बहादुर के.सी.
८. बलराम कोइराला
९. इन्द्र प्रसाद लामिछाने
१०. डमरु बल्लभ घिमिरे
११. अमीर दास रञ्जित
१२. चन्द्र नारायण श्रेष्ठ
१३. उत्तम पाठक
१४. निरुपमा गुप्ता
१५. दीपक प्रधान
१६. राम गोपाल महर्जन
१७. लक्ष्मण बहादुर श्रेष्ठ

## १०. मन्तब्य, प्रतिकृया तथा प्रतिउत्तर :

छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य :

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम कम्पनीका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । कम्पनीको संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै वर्तमान अवस्थामा देखा परेको आर्थिक मन्दी ,बाढी पहिरो लगाएत विदेशी मुद्रामा आएको उच्च वृद्धि , शुक्रअस्त, २०८२ भाद्र २४ गते भएको तोडफोडका कारण हुन गएको क्षति र अब भविष्यमा हुन सक्ने थप जोखिमको बारेमा कसरी बच्न र बचाउन सकिन्छ भन्ने विषयमा गम्भिर हुन आग्रह गर्नु भयो । कम्पनीले ५ प्रतिशत बोनस शेयर दिन सफल भएकोमा धन्यवाद प्रदान गर्नु भयो । साधारण सभालाई थप व्यवस्थीत र समयमा सम्पन्न गर्न सुझाव दिनु भयो ।

(कम्पनी सचिव)

अशोक सिवाकोटी
प्रबन्ध सञ्चालक

बालकृष्ण सिवाकोटी
(अध्यक्ष)

**सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

कम्पनीले मिति २०७५ कार्तिक १७ गते वाट केवलकार संचालनमा ल्याएको विषय हामी विच जानकारी नै छ । विगतका कम्पनी संचालनका विषयमा अघिल्लो वर्षका प्रतिवेदनहरुमा हामीले विस्तृत रुपमा उल्लेख गरेका थियौं । संचालनको केहि समय पछि नै कोभिड जस्तो विश्वव्यापी महामारी फैलिएकोले र त्यस पछि उत्पन्न आर्थिक मन्दी एवं चरम रुपमा तरलताको अभावको कारण कम्पनीले निर्धारण गरे बमोजिमको उपलब्धी हासिल गर्न सकिरहेको थिएन । तर अघिल्लो वर्ष कम्पनीले राम्रो प्रगती हासिल गर्न सफल भएको कारण नाफामा वृद्धि भएको छ । यस वर्ष पनि कम्पनीले नाफा आर्जन गरेको छ । नाफा सगैं खर्चमा पनि वृद्धि हुन गएको केहि कारणहरु छन् जस्तै केवलकारमा नभई नहुने सामानहरु युरोप बाट मगाउनु पर्ने , पहिलेको तुलनामा युरोको भाउ लगातार बढदै जानु र महंगी पनि बढेको कारण केवलकारमा प्रयोग हुने सामनको मुल्य बढनु , कर्मचारी खर्च पनि बढदै जानु, धार्मिक कारण जस्तै शुक्र अस्तको समय लामो रहनु र यस समयमा मन्दिरमा दर्शन गर्ने भक्तजनहरुमा कमि आउनु, लगातारको ठुलो वर्षा एवं बाढी पहिरोको प्रकोपको कारण बाटो बन्द हुने समस्याले गर्दा मन्दिर दर्शन गर्न आउने दर्शनार्थीहरुमा कमी हुन गई नाफामा प्रभाव परेको छ । आशा छ यस आ.व. मा सबै प्रकारका समस्याबाट मुक्त भई वोनस शेयर/लाभांश प्राप्त गर्न सकिन्छ भन्ने विस्वासका साथ कम्पनीले यस वर्ष न्युनतम ५ प्रतिसत भए पनि लाभांश दिन सफल भएको र आगामी वर्षमा थप लाभांश वितरणको लागी प्रयत्न गरिने छ भनि शेयर धनिहरुलाई आश्वस्त पार्नु भयो ।

आदरणिय शेयर धनि महानुभावहरु,

यस वर्ष नाफामा आएको वृद्धि र पुरानो घाटा पुर्ति भएकोले कम्पनी नाफामा गएको हो । अझै पनि विद्यमान आर्थिक मन्दी पुर्ण रुपमा समाप्त भएको छैन । २०८२ भाद्र २३/२४ गतेको अपराधिक घटनाको कारण भएको क्षति विवरण हेर्दा जोखिम हटिसकेको अवस्था छैन । जोखिम बाट बचेर व्यवसाय गर्न सक्नु चुनौती बन्दै गएको र नयाँ लगानी कर्ताको मनोवल भने गिरेको अवस्था छ । यो अवस्थामा पनि कम्पनीलाई कम जोखिम , कम लागतमा अत्याधिक लाभ प्राप्त हुने गरि कार्य शैलि अपनाएर कार्य गर्दै आएका छौं । प्राप्त पुंजीलाई यथोचित ढंगले परिचालन गरिएको छ । कम्पनीले पुर्व निर्धारित कार्यक्रम अनुसार होटल निर्माणको लागी भक्तपुर जिल्लाको सुर्यविनायक नगरपालीका गुण्डुमा जग्गा खरिद गरेको छ । सो जग्गामा एउटा आधुनिक होटल संचालनमा ल्याउन प्रारम्भिक कार्य गर्दै आएको छ । कम्पनीले कालिञ्चोक ईन्भेष्टमेन्ट कम्पनीमा पनि लगानी गरेको, कम्पनीले आफ्नो लगानीको क्षेत्रमा विविधिकरण गरि कम्पनी संचालनमा जोखिम कम हुने तथा थप नाफा आर्जन गर्न सकिने नीति तय

| | | |
|---|---|---|
| ................... | ................... | ................... |
| **(कम्पनी सचिव)** | **अशोक सिवाकोटी**<br>**प्रबन्ध सञ्चालक** | **बालकृष्ण सिवाकोटी**<br>**(अध्यक्ष)** |

कालिञ्चोक दर्शन लिमिटेड भैरवी, पिङ्गलास्थान

गरेको छ । व्यवसायलाई निरन्तर वृद्धि र विकास गर्ने उदेश्यले नै चालु साधारणसभामा कम्पनीको अधिकृत पुँजी ,जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्नको लागि प्रस्ताव पेश गरेको छु । आशा छ , यो प्रस्तावलाई आजको साधारणसभाले अनुमोदन गरि संचालक समितिले तय गरेका व्यवसायीक कार्यहरु संचालनमा ल्याउन सहयोग पुराउनु हुने छ । पुँजी वृद्धि बाट प्राप्त हुने रकम मध्य केहि रकम बैंकको बांकी कर्जा भुक्तानी गर्ने ,कालिञ्चोक कुरी तथा भक्तपुरको गुण्डुमा होटल संचालनमा ल्याउने र बांकी रकम कालिञ्चोक ईन्भेष्टमेन्ट कम्पनी मार्फत विभिन्न नयाँ र कम जोखिम रहेका कम्पनीहरुमा लगानी गर्ने लक्ष्य रहेको छ ।

यस कम्पनीको विशेष पहलमा मन्दिर परिसरको पुरानो पाटीलाई विस्थापित गरि नयां एवं पुरातत्वीक पाटी निर्माण गरिएको, मन्दिरको प्राङ्गणमा आवश्यक मर्मत संभार तथा मन्दिर परिसर सम्म आवत जावत गर्ने बाटोमा सिडी बनाउने , ढुंगा छाप्ने, रेलिङ्गहरु हाल्ने लगाएतका कार्यहरु सम्पन्न भएका छन । मन्दिर परिसरमा सि.सि क्यामेरा तथा सोलार बत्ती जडान गरिएको छ । कम्पनी समेतको सक्रियतामा बजेट विनियोजन गराई देउराली देखी कुरी बजार सम्मको बाटो निर्माण तथा सुधारको कार्य सम्पन्नं भएको छ । केवलकार परिसरमा आवश्यक ढलान गर्ने , छाना हाल्ने , पुजा सामाग्री विक्री स्थलको निर्माण गर्ने ,रङ्ग गर्ने ,कम्पाउण्डमा तार लगाउने तथा जाली हाल्ने कार्य गरिएको छ । बाटो घाटोको सहजताले सवारी साधनको आवत जावतमा बृद्धी हुनुका साथै दर्शनार्थीहरुको संख्यामा क्रमश बृद्धी हुने आशा गरिएको छ । यो क्षेत्र मुलुकको एक महत्वपूर्ण धार्मिक एवं पर्यटकीय गन्तव्यको रुपमा विकाश भएको छ । यस क्षेत्रको निरन्तर विकाश र प्रवर्धन गर्न कम्पनी निरन्तर लागीरहने छ । केवलकार परिसरमा पार्किङ्ग स्थल बढाउने, बैंक भवन निर्माण गर्ने , प्रहरी चौकी निर्माण गर्ने , ढल निकास सम्बन्धि काम, केवलकारले गुठी संस्थान संग संझौता गरि लिजमा लिएको जग्गालाई आवश्यक कम्पाउण्ड लगाउने , मन्दिर परिसरमा तिर्थालु विश्रामस्थल निर्माण गर्ने अरु आवश्यक मर्मत तथा निर्माण कार्य लाई पुरा गर्ने लक्ष्य लिईएको छ । विगतमा स्थानियहरु संग केवलकार प्रति बढ्दो मतभेदलाई सामान्नीकरण गरिएको छ ।

| | | | |
|---|---|---|---|
| .................. | .................. | | .................. |
| (कम्पनी सचिव) | अशोक सिवाकोटी<br>प्रबन्ध सञ्चालक | कालिञ्चोक दर्शन लिमिटेड, पिङ्गलास्थान | बालकृष्ण सिवाकोटी<br>(अध्यक्ष) |

११. साधारण सभाको निर्णय :

क. सामान्य प्रस्तावतर्फ :

१. छलफलको विषयसूची नं. १ बमोजिम सभाध्यक्षले सञ्चालक समितिका तर्फबाट आ.व. २०८१/८२ का लागि पेश गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव राख्नुभएकोमा सभाले सो सञ्चालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।

२. तत्पश्चात् छलफलको विषयसूची नं. २ बमोजिम सभाध्यक्षको प्रस्तावमा सभाले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८१/८२ को वार्षिक आर्थिक विवरणहरु (आषाढ मसान्त २०८२ को वासलात, आ.व. २०८१/८२ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।

३. छलफलको विषयसूची नं. ३ बमोजिम आ.व. २०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरूप कम्पनीको संचालक समितिले प्रचलित कानून बमोजिम लेखापरीक्षकमा नियुक्त हुन योग्य तीन जना लेखापरीक्षकहरु मेशर्स टी. सुवास एण्ड एशोसियट्सलाई पहिलो क्रममा, मेशर्स बी. एण्ड एस. एशोसियट्सलाई दोस्रो क्रममा तथा मेशर्स एस. उप्रेती एण्ड एशोसियट्सलाई तेस्रो क्रममा राखी मूल्याङ्कनको आधारमा पहिलो क्रममा रहेको मेशर्स टी. सुवास एण्ड एशोसियट्सलाई प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने गरी आ.व. २०८२/८३ का लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक मूल्य अभिबृद्धि कर सहित रु. २००,०००/- (अक्षरेपि दुइ लाख रुपैयाँ मात्र) निर्धारण गर्न सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्न सभाध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले तदनुरूप आ.व. २०८२/८३ का लागि मेशर्स र्स टी. सुवास एण्ड एशोसियट्सलाई प्रचलित कानुन बमोजिम लेखापरीक्षण गर्ने गरी आ.व. २०८२/८३ का लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने एवं निजको पारिश्रमिक मुल्य अभिवृद्धि कर सहित रु. २००,०००/- (अक्षरेपि दुइ लाख रुपैयाँ मात्र) निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गर्‍यो ।

.................. (कम्पनी सचिव)

अशोक सिवाकोटी
प्रबन्ध सञ्चालक

कालिञ्चोक दर्शन लिमिटेड, पिङ्गलास्थान

..................
बालकृष्ण सिवाकोटी
(अध्यक्ष)

४. छलफलको विषयसूची नं. ४ बमोजिम रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिको प्रस्ताव बमोजीम यस कम्पनीका संस्थापक शेयरधनि श्री अशोक सिवाकोटी लाई कम्पनीको प्रबन्ध सञ्चालक र श्री धुर्व राज शिवाकोटीलाई सञ्चालक पदमा मनोनयन गर्ने साथै श्री तिलकराज सिवाकोटीलाई कम्पनी सचिवमा नियुक्ती गर्ने सर्वसम्मतिबाट पारित गऱ्यो ।

**ख) विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को नाफा बाट ५ प्रतिशत वोनश शेयर (रु ३,००,००,०००) र ०.२६३ प्रतिसत नगद लाभाँश (कर प्रयोजनका लागी ) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो । साथै उपरोक्त शेयर (धितोपत्र ) सम्बन्धीत निकायहरुमा दर्ता तथा सुचिकरण गर्ने सर्वसम्मतिबाट पारित गऱ्यो ।

२. विशेष प्रस्ताव नं. २ बमोजिम कम्पनीको हाल चुक्ता पुँजी रु. ६०,००,००,००० मा विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर बितरण पश्चात कायम चुक्ता पुँजी रु. ६३,००,००,००० अर्थात ६३,००,००० कित्ता शेयरको एक शेयर बरावर एक शेयर (१ : १) अनुपातमा हकप्रद्ध शेयर संस्थापक तथा सर्वसाधरण शेयरधनिहरुलाई निष्काशन गर्ने गर्ने सर्वसम्मतिबाट पारित गऱ्यो । उक्त हकप्रद्ध शेयर निष्काशन गर्न कम्पनीको साविक पुँजीमा वृद्धि गरि अधिकृत पुँजी रु. १,५००,०००,०००/–(एक अर्ब पचास करोड ) र प्रबन्ध पत्रको दफा ६ (ख) मा संशोधन गरी हकप्रद्ध शेयर निस्काशन पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजी रु. १,२६०,०००,०००/–(एक अर्ब छब्बीस करोड) कायम गर्ने निर्णय सर्वसम्मतिबाट पारित गऱ्यो ।

हकप्रद शेयर निष्काशनबाट संकलित पुँजी लाई देहाय बमोजिम उपभोग गरीने छ ।

| क्र.सं | पुँजिको उपयोग | रकम | कैफियत |
|---|---|---|---|
| १ | बैकबाट लिएको ऋण तिर्ने | रु. ७०,००,००००। | |
| २ | केवलकार/हाइड्रो पावर आदिमा लगानी | रु. २६,००,००,०००। | |
| ३ | कम्पनीको नाममा रहेको जग्गामा होटल निर्माण | रु. ३०,००,००,०००। | |

(कम्पनी सचिव)

अशोक सिवाकोटी
प्रबन्ध सञ्चालक

कालिञ्चोक दर्शन लिमिटेड, पिङ्गलास्थान

बालकृष्ण सिवाकोटी
(अध्यक्ष)

३. विशेष प्रस्ताव नं. ३ बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ८ र तथा नियमावलीको नियम ८, मा थप संशोधन गर्ने सम्बन्धी प्रस्ताव पेश गर्नुभएकोमा सभाले छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो । सभाबाट पारित प्रबन्धपत्र तथा नियमावलीको संशोधन देहाय बमोजिम रहेको:

अ) **प्रबन्धपत्रमा संशोधन** :

१. **प्रबन्धपत्रको दफा ८ को (ग) थप गरिएको कायम गरिएको** :

(घ) हकप्रद्ध शेयर खरिद गर्न मनोनयन गर्न सकिने : कम्पनीले हकप्रद्ध सेयर जारी गर्दा सेयरधनीले हकप्रद्ध सेयर खरिद गर्न नसकेमा निजले अन्य कुनै व्यक्ति वा कम्पनी लाई मनोनयन गरी हकप्रद्ध शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्ति वा कम्पनी लाई हक हस्तान्तरण गर्न/मनोनयन गर्न सकिने छ ।

आ) **नियमावलीमा संशोधन** :

१. **नियम ८ (१) मा थप गरि तपसिल बमोजिम थप गरी संसोधन कायम गरिएको** :

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने** : हाल यस कम्पनीमा साधारण शेयर बाहेक अन्य कुनै पनि प्रकारको शेयर जारी नगरिएकोले संचालक समितिले साधारण सभाबाट अनुमोदन गराउने गरी शेयरधनीको अधिकारमा हेरफेर गर्न सकिनेछ ।

(१) हकप्रद्ध शेयर खरिद गर्न मनोनयन गर्न सकिने : कम्पनीले हकप्रद्ध सेयर जारी गर्दा सेयर धनीले हकप्रद्ध सेयर खरिद गर्न नसकेमा निजले अन्य कुनै व्यक्ति वा कम्पनी लाई मनोनयन गरी हकप्रद्ध शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्ति वा कम्पनी लाई हक हस्तान्तरण गर्न/मनोनयन गर्न सकिने छ ।

४. विशेष प्रस्ताव नं. ४ अन्तर्गत नियामक निकायहरुको निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न र कम्पनीले जारी गरेको हकप्रद शेयर निष्काशनको लागि आवश्यक कार्यहरुका लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभा समक्ष सभाध्यक्षले पेश गर्नु भएकोमा सभाले प्रबन्धपत्र तथा नियमावलीका संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| **(कम्पनी सचिव)** | **अशोक सिवाकोटी**<br>**प्रबन्ध सञ्चालक** | **बालकृष्ण सिवाकोटी**<br>**(अध्यक्ष)** |

सम्बद्ध निकायसमक्ष आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावली संशोधनको अभिलेख तथा स्वीकृति गराउने, हकप्रद शेयर निष्काशन कार्य गर्ने लगायतका आवश्यक कामकारबाही गर्न तथा यस साधारण सभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्बन्धमा नियामक निकायहरूले कुनै निर्देशन दिएमा सञ्चालक समितिलाई प्रबन्धपत्र तथा नियमावलीका संशोधित दफा/नियममा आवश्यकता अनुसार परिवर्तन/परिमार्जन गर्न र हकप्रद शेयर निष्काशनको लागि अख्तियारी प्रदान गर्ने प्रस्ताव/निर्णय सर्वसम्मतिबाट पारित गऱ्यो ।

५. विशेष प्रस्ताव नं. ५ बमोजिम कम्पनीका संचालक समिति बाट भए गरेका निर्णय हरुको एक मुष्ठ अनुमोदन गर्ने निर्णय गरियो ।

**ग. विविध**

अध्यक्षज्यूको अनुमतिमा निम्न प्रस्तावहरु सभा समक्ष पेश गरीएको छ ।

प्रस्ताव नम्बर १. कम्पनीको शेयर लकिङ्ग पिरिएड खुल्ला हुने तथा आईजीन अंक मिश्रण (मर्जर) गर्ने सम्बन्धमा छलफल गरी यस कम्पनीको संस्थापक, बैदेशिक रोजगारदाता , कर्मचारी तथा स्थानिय वासिन्दाहरुले खरिद गरेको शेयरको लकिङ यहि २०८२ माघ १७ गते समाप्त हुने र सो शेयर धितोपत्र बजारमा २०८२ माघ १८ गते बाट कारोवार खुल्ला हुने सम्बन्धमा आवश्यक सुचनाहरु शेयर धनिलाई प्रवाह गर्ने ।

- कम्पनीको धितोपत्र दर्ताको क्रममा साधारण शेयरका लागी परिचय अंक International Securities Identification Number (ISIN) NPE432A00002 र संस्थापक शेयरका लागि प्रदान गरिएको NPE432A40008 मा यस प्रकारको धितोपत्रको लागी प्रचलित कानुन बमोजीम फरक आईजीन आवश्यक नपर्ने भएको कारण दुवै आईजिन अंक मिश्रण(मर्जर) गर्ने ।
- धितोपत्र वोर्डको सहमति लिने, धितोपत्र बजार , सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड आदि लाई जानकारी दिने र प्रचलित कानुन बमोजीम फरक आईजीन आवश्यक नपर्ने सम्बन्धमा समेत स्वोघोषणा गर्ने निर्णय गरियो ।

अन्य : कम्पनी रजिष्टारको कार्यालय ,उद्योग , बैंक तथा वित्तिय संस्था आदिमा आईपर्ने कुनै पनि कार्य जस्तै कर्जा प्राप्त गर्ने , शेयर दाखिल खारेज,धितोपत्र कारोवार ,घर, जग्गा खरिद

| (कम्पनी सचिव) | अशोक सिवाकोटी<br>प्रबन्ध सञ्चालक | बालकृष्ण सिवाकोटी<br>(अध्यक्ष) |
|---|---|---|

बिक्री , होटल ,रिर्सोट , जलविद्युत , जीपलाईन , केवलकार तथा अन्य आवश्यक निर्माण तथा दर्ता ,संचालन , संझौता, विनियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन तथा पुँजी वृद्धि, पर्यटन प्रबर्धन सम्बन्धी कार्य ,अन्य सहायक कम्पनी दर्ता आदि सम्बन्धी कुनै पनि कानुनी प्रक्रियाको लागि आवश्यक निर्णय गर्ने तथा निर्णयमा दस्तखत गर्ने अधिकार संचालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि वुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

१२. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

अन्त्यमा, सभाध्यक्ष श्री बालकृष्ण सिवाकोटीले सभामा उपस्थित शेयरधनी प्रतिनिधि, पर्यवेक्षक, लेखापरीक्षक, सञ्चालकहरु, आमन्त्रितहरु, कम्पनीका कर्मचारीहरु तथा कम्पनीको ११ औं साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै साधारण सभामा प्रस्तुत सम्पुर्ण विषयहरुमा आधिकारिक छलफल भई निर्णय भएकाले दिनको करिब ३.०० बजे विधिवत् रुपमा सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..................
**(कम्पनी सचिव)**

..................
**अशोक सिवाकोटी**
**प्रबन्ध सञ्चालक**

कालिञ्चोक दर्शन लिमिटेड, भीमेश्वर, पिङ्गलस्थान

..................
**बालकृष्ण सिवाकोटी**
**(अध्यक्ष)**